"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

स्थानीय सरकार

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३

च. नं.

मितिः २०८३/०३/२६

ने.सं.११४६,तछलागा,१०,शुक्रबार

## धन्यवाद – ज्ञापन

तिलागुफा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ सफलतापूर्वक सम्पन्न भएको अवसरमा यस अवधिभर नगरपालिकाका विकास निर्माण, सेवा प्रवाह, सुशासन, सामाजिक, आर्थिक तथा पूर्वाधार विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अमूल्य योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, वडा कार्यालयहरू, विषयगत शाखाहरू, उपभोक्ता समितिहरू, निर्माण व्यवसायी, विकास साझेदार संस्थाहरू, सुरक्षा निकाय, शिक्षक, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, नागरिक समाज, बुद्धिजीवी तथा सम्पूर्ण सरोकारवाला महानुभावहरूप्रति तिलागुफा नगर परिवार हार्दिक धन्यवाद तथा उच्च सम्मान व्यक्त गर्दछ।

हामीले प्राप्त गरेका उपलब्धिहरू कुनै एक व्यक्ति वा संस्थाको प्रयासबाट मात्र सम्भव भएका होइनन्। यो सम्पूर्ण नगर परिवारको साझा जिम्मेवारी, समर्पण, इमान्दार मेहनत, पारदर्शिता, समन्वय र सहकार्यको परिणाम हो। यहाँहरूको निरन्तर सहयोग, रचनात्मक सुझाव र विश्वासले नगरपालिकालाई नागरिकमैत्री, उत्तरदायी र विकासमुखी स्थानीय सरकारका रूपमा अगाडि बढ्न महत्वपूर्ण प्रेरणा प्रदान गरेको छ।

आर्थिक वर्ष २०८२/०८३ मा प्राप्त अनुभव र उपलब्धिलाई थप ऊर्जा र प्रेरणाका रूपमा ग्रहण गर्दै आगामी दिनहरूमा अझ प्रभावकारी सेवा प्रवाह, गुणस्तरीय विकास, सुशासन, पारदर्शिता र समृद्ध तिलागुफा निर्माणका लागि तिलागुफा नगर परिवार अझ दृढ संकल्पका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ। तिलगुफा नगरपालिकाको आ. ब.२०८२/२०८३ को समष्टिगत प्रगति चालु तर्फ कुल ९६.४९ प्रतिशत र पुँजीगत तर्फ ७३.९६ प्रतिशत विकास रहेको छ ।

अन्त्यमा, तिलागुफा नगरपालिकाप्रति यहाँहरूले देखाउनुभएको विश्वास, साथ, सहयोग र सद्भावका लागि पुनः हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै आत्मीय सहयोग, सहकार्य र साथको अपेक्षा गर्दछौं।

हार्दिक धन्यबाद !

महेन्द्र बहादुर शाही
नगर उप-प्रमुख

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

महेन्द्र बहादुर शाही
नगर उप प्रमुख

शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

Website: www.tilaguphamun.gov.np email id: tilagufamun@gmail.com Cellno. 9858320054